का.जि.प्र.का.द.नं. १००/०५९/६०
११ चैत २०८२
बुधबार
25 March 2026
Wednesday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

वर्ष २४, अंक ६२। पृष्ठ १०  Madhyanha National Daily  www.madhyanhadaily.com



# बर्डफ्लुले कीर्तिपुरमा मरे दर्जनौं काग

डुलुवा पक्षीमा पर्ने कागमा फिरन्ते चराहरूबाट बर्डफ्लु संक्रमण फैलिएको हुनसक्ने आशंका

**रूपेश आचार्य/मध्यान्ह**
काठमाडौं, १० चैत



कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय परिसरमा एक सातायता दर्जनौं कागहरू मृत भेटिए । एकैसाथ ठुलो संख्यामा काग मरेका भेटिएपछि पशुस्वास्थ्य विभागले परीक्षण गऱ्यो । ती कागहरू बर्डफ्लु संक्रमित रहेको पुष्टि भएको छ ।

कीर्तिपुर नगरपालिका तथा पशुस्वास्थ्य विभागको संयुक्त टोलीले त्रिवि परिसरमा मृत भेटिएका कागहरू संकलन गरी माटोमा पुर्न थालेको छ । मंगलबार मात्र ६८ वटा काग बटुलेर गाडिएको छ । 'त्यहाँ अझै धेरै संख्यामा मरेका काग भेटिएका छन् । सबै एकैदिन संकलन गर्न सकिएन । भोलि पनि यो काम जारी राख्छौं,' नगरपालिकाकी पशुसेवा प्रमुख सुशीला गैरेले भनिन् ।

एक साताअघि स्थानीय व्यक्तिले त्रिविको वीरेन्द्र राज्याभिषेक उद्यानमा कागहरू मरेको खबर दिएका थिए । विसं २०३१ सालमा निर्मित सो उद्यान कुल ४ सय ३२ रोपनी जमिनमा फैलिएको छ । सरसफाइ अभियन्ताहरूले गत पुसमा ठुला रुख र झाडीले ढाकेको उक्त उद्यानका झाडी फाँडेर सफा गरेका थिए । त्यसपछि विद्यार्थी छहारीमा बसेर पढ्ने तथा समतल ठाउँमा क्रिकेट खेल्न प्रयोग भइरहेको थियो । त्यही क्षेत्रमा १० वटा मृत काग भेटिएपछि पशुसेवा विभागको प्रयोगशालामा पुऱ्याएको गैरेले बताइन् ।

परीक्षणबाट बर्डफ्लु पुष्टि गरेपछि नगरपालिका र पशुसेवा विभागको टोलीले मंगलबार मरेका कागहरू संकलन गर्ने निर्णय गरेको थियो । साथै सोही स्थानमा अन्य पक्षी मृत भेटिएमा पृष्ठ २ मा



कुखुरा, बट्टाई वा कालिजपालक किसानलाई जंगली चराचुरुंगी, कुकुर वा बिराला जान नसक्ने गरी खोरको व्यवस्थापन गर्न तथा खुला ढंगले चराचुरुंगी नपाल्न आग्रह गरिएको छ ।

**मुकुल उपाध्याय**
**वरिष्ठ पशुचिकित्सक, पशुसेवा विभाग**

# अन्योलमा रविको शपथ

सम्पत्ति शुद्धीकरणको अभियोग फिर्ता भएको अवस्थामा रवि लामिछानेलाई सांसद पदको शपथ लिन सहज हुने थियो । यससम्बन्धी मुद्दामा सर्वोच्च अदालतले निर्णय दिएको छैन । संघीय संसद् सचिवालय भने लामिछानेलाई शपथग्रहणमा रोक्ने पक्षमा देखिँदैन ।



नयाँ प्रतिनिधिसभाको निर्वाचन भएर आएको छ । अघिल्लोपटक के भयो भन्ने भन्दा पनि यसपटक उहाँका सन्दर्भमा कुनै पनि निकायबाट संसद् सचिवालयलाई कुनै प्रकारको केही सूचना आएको छैन ।

**एकराम गिरी**
**प्रवक्ता, संसद् सचिवालय**



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १० चैत

नवनिर्वाचित प्रतिनिधिसभा सदस्यहरूको शपथ बिहीबार हुँदै छ । तर, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले शपथ लिन पाउँछन् कि पाउँदैनन् भन्ने विषय अझै अन्योलमै छ ।

निर्वाचन आयोगले निर्वाचित भएकाहरूको सूची पठाउने र उक्त सूचीमा नाम भएकाहरूले शपथ लिन पाउने संसद् सचिवालयका अधिकारीहरू बताउँछन् । संघीय संसद् सचिवालयका सहसचिव एवं प्रवक्ता एकराम गिरी भन्छन्, 'नयाँ प्रतिनिधिसभाको निर्वाचन भएर आएको छ, अघिल्लो पटक के भयो भन्ने भन्दा पनि यसपटक उहाँका सन्दर्भमा कुनै पनि निकायबाट संसद सचिवालयलाई कुनै प्रकारको केही सूचना आएको छैन ।' विघटित प्रतिनिधिसभामा लामिछाने संगठित अपराध र सम्पत्ति शुद्धीकरणको अभियोग लागेपछि निलम्बनमा परेका थिए । उनी निलम्बनको अवस्थामा रहेकै बेला प्रतिनिधिसभा पृष्ठ २ मा

# पश्चिम एसिया युद्धले महँगियो भान्सा

## उद्योग बन्द, औषधि अभावको खतरा

अमेरिका-इजरायल र इरान नेपालबाट भूगोलका रूपमा टाढाका मुलुक हुन् । तर विश्व संरचना र पेट्रोलियम पदार्थको उपभोगका कारण देशहरूबीचको द्वन्द्वले नेपालीको भान्सासमेत प्रभावित हुन पुगेको छ ।

- जारी युद्ध र लालसागर/होर्मुज मार्ग अवरोधले नेपालमा आपूर्ति संकट गहिरिँदै, ढुवानी खर्च बढ्दा समग्र महँगी बढ्दो
- प्लास्टिकको कच्चापदार्थ नपाउँदा जार-बोतल उत्पादन घट्दै, खानेतेल, तरकारी, खाद्यान्नको मूल्यमा उल्लेख्य वृद्धि
- अत्यावश्यक औषधिको मूल्य वृद्धि र अभावको जोखिम, निर्माण सामग्री महँगिँदा विकास निर्माणको लागत बढ्दै



**विष्णु पोखरेल/मध्यान्ह**
काठमाडौं, १० चैत

पश्चिम एसियामा विगत चार सातादेखि जारी युद्ध तथा लालसागरमा भएको अवरोधले नेपाल पनि ठुलो संकटतर्फ उन्मुख हुँदै गएको छ ।

इन्धनमा भएको मूल्यवृद्धि तथा होर्मुज सागरमा भएको अवरोधले विभिन्न उद्योगका लागि आवश्यक पर्ने कच्चापदार्थ आयात हुन नसक्दा नेपालका विभिन्न उद्योग तथा विकास निर्माणका कार्य नै प्रभावित हुने अवस्था आएको हो । खाडीदेशबाट आउने प्लास्टिकजन्य उद्योगका कच्चापदार्थदेखि विकास निर्माणका लागि आवश्यक पर्ने अन्य सामग्री आयात हुन नसकेपछि अर्थतन्त्रमै दबाब सिर्जना हुन थालेको छ । डलरको मूल्यमा भएको ऐतिहासिक मूल्यवृद्धि, इन्धन आपूर्तिमा भएको समस्या तथा होर्मुज जलडमरुबाट आउने विभिन्न उद्योगका कच्चापदार्थको अभाव भइसकेको छ ।

युद्ध र अवरोधले ऊर्जासँग सम्बन्धित रहेका कृषि, विकास निर्माण, ढुवानी व्यवसायदेखि लिएर सबैजसो उद्योग तथा पर्यटन क्षेत्रमा समेत असर देखिने अर्थविश्लेषकहरू बताउँछन् । युद्धको बाछिटाले रेमिटेन्सदेखि विकास निर्माणसम्मका कार्यमा असर पुऱ्याउने भएकाले सोहीअनुसार तयारी थाल्न ढिला हुँदै गएको अर्थविश्लेषक डा. खोमराज खरेलले बताए ।

मध्यपूर्वमा जारी संकटले नेपालीको भान्सा महँगो हुन थालिसकेको छ । सरकारले औपचारिक रूपमा यातायात तथा ढुवानी भाडा समायोजन गर्न बाँकी भए पनि ढुवानी व्यवसायीले मनलाग्दी शुल्क लगाउन थालेपछि महँगी बढ्न थालेको हो । इन्धनको मूल्यवृद्धिसँगै खानेतेल, तरकारी, खाद्यान्नलगायत सामग्रीमा मूल्य बढेको छ । खानेतेलको मूल्य पछिल्ला दुई हप्तामा १० प्रतिशतभन्दा धेरैले वृद्धि भएको छ । यस्तै ढुवानी महँगो हुन थालेपछि तरकारी, चामललगायत खाद्यान्नको पृष्ठ २ मा



युद्धको बाछिटाले रेमिटेन्सदेखि विकास निर्माणसम्मका कार्यमा असर पुऱ्याउने भएकाले सोहीअनुसार तयारी थाल्न ढिला हुँदै गएको छ ।

**डा. खोमराज खरेल**
**अर्थविश्लेषक**

**वैदेशिक रोजगार विशेष**

# झन्डै डेढ करोड ठगीमा चलचित्र निर्मातासहित ६ जना पक्राउ

**मध्यान्ह संवाददाता**
काठमाडौं, १० चैत

प्रहरीले वैदेशिक रोजगारीका नाममा सयौं व्यक्तिलाई विभिन्न देश पठाउने भन्दै ठुलो रकम ठगी गरी फरार रहेका आधा दर्जनभन्दा बढी व्यक्तिलाई पक्राउ गरेको छ । पक्राउ परेका व्यक्तिहरूले वैदेशिक रोजगारीका नाममा १ करोड ३५ लाख ३५ हजार रुपैयाँ ठगी गरेको खुलेको छ । थप केहीको अनुसन्धानपछि खुल्ने प्रहरीले जनाएको छ ।

पक्राउ परेकामध्ये चलचित्र 'तेल भिसा'का निर्माता शिवराज कार्की प्रमुख व्यक्ति हुन् । वैदेशिक रोजगारी ठगीमा ६ वटा पक्राउ पुर्जी जारी भएका कार्कीले काठमाडौंको चाबहिलमा पी एण्ड एम इनोभेसन सर्भिस नामको कन्सल्टेन्सी सञ्चालन गरी २५० जनालाई वैदेशिक रोजगारीमा पठाइदिने भन्दै ठगी गरेको आरोप छ ।

उनीविरुद्ध एक सयभन्दा बढीले जाहेरी दिइसकेका छन् । विगत तीन महिनादेखि भारतको नयाँ दिल्ली पहाडगञ्जमा बस्दै आएका कार्कीबाट प्रहरीले भारतीय आधार कार्ड र प्यान कार्डसमेत बरामद गरेको जनाएको छ । उनले सोही कार्डका आधारमा भारतमा फास्टफुड व्यापार गर्दै आएका थिए ।

सिन्धुलीको सुनकोशी गाउँपालिका-७ घर भएका कार्कीविरुद्ध बैंकिङ कसुरको मुद्दासमेत चलेको अपराध अनुसन्धान कार्यालयका एसपी तथा प्रवक्ता मनोहर भट्टले जानकारी दिए । उनलाई कानुनी कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहचल पठाइएको छ ।

त्यसैगरी नुवाकोटको शिवपुरी गाउँपालिका-५ का २५ वर्षीय सरस्वती भण्डारी, रुकुम पूर्वको पुथा उत्तरगंगा गाउँपालिका-१२ का ४२ वर्षीय धनीराम बुढा, गुल्मीको कालिगण्डकी गाउँपालिका-६ का ३७ वर्षीय काशिराम दर्जी र कास्कीको रूपा गाउँपालिका-५ का ३६ वर्षीय विकल पौडेल पनि वैदेशिक रोजगार ठगीको आरोपमा पक्राउ परेका छन् ।

बुढाले अमेरिका पठाउने भन्दै १८ लाख, पौडेलले क्यानडा पठाउने भन्दै १० लाख, भण्डारीले रोमानिया पठाउने भन्दै १ लाख ४६ हजार र दर्जीले क्रोएसिया पठाउने भन्दै ३ लाख २० हजार रुपैयाँ ठगी गरेको आरोप छ । उनीहरूलाई पनि प्रहरीले कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहचल पठाएको छ ।

दोलखा वैतेश्वर गाउँपालिका-३ घर भई हाल काठमाडौं महानगरपालिका-४ बस्ने ३७ वर्षीया राधिका बस्नेत पनि वैदेशिक रोजगार ठगीको पृष्ठ २ मा

# एमालेको गढ भत्काएर संसद् पुगेका बदन




३३ वर्षीय बदन एमाले र एकीकृत समाजवादी पार्टी हुँदै रास्वपाबाट संसद्मा पुगेका छन् ।

**भावना पाठक/मध्यान्ह**
काठमाडौं, १० चैत ।

काभ्रेपलान्चोक क्षेत्र नम्बर-२ लाई यसअघि एमालेबाहेक अरूलाई असहज हुने क्षेत्रका रूपमा हेरिन्थ्यो । एमाले नेता गोकुल बाँस्कोटाले लगातार जित्दै आइरहेको क्षेत्र हो यो । भर्खरै सम्पन्न निर्वाचनमा भने रास्वपाका उम्मेदवार बदन भण्डारीले यो रेकर्ड तोडे । एमालेबाट बाँस्कोटाले टिकट नपाउनु पनि पनि उनको जितको मुख्य कारण बन्यो । २४ प्रतिस्पर्धीलाई उछिनेर विजेता बनेका उनले निकटतम प्रतिस्पर्धीले भन्दा ३५ हजार बढी मत ल्याए । ५३ हजार तीन सय ४४ मत ल्याएर विजयी भएका उनी प्रतिनिधिसभा निर्वाचन २०८२मा सर्वाधिक मत ल्याउने उम्मेदवारमध्येका एक हुन् ।

गोकुल बाँस्कोटाले टिकट पाएको भए मतान्तर कम हुने भण्डारीको बुझाइ छ । काभ्रेपलान्चोकको भुम्लु गाउँपालिकाका ३३ वर्षीय बदन पहिले एमाले र पछि एकीकृत समाजवादी पार्टी हुँदै रास्वपामा आबद्ध भएका हुन् । पुरानै दर्ताको राजनीतिबाट पृष्ठ २ मा

दिल्लीमा रोमानियालगायतका भिएफएसमा काम पर्ने म्यानपावर संचालकहरुका लागि
अत्यन्त काम लाग्ने जानकारी !!!



नेपाली श्रमिकहरुका लागि भारतको राजधानी नयाँ दिल्ली स्थित रोमानिया एम्वेसी तथा भिएफएसमा आवश्यक पर्ने सम्पूर्ण प्रक्रियाको कामका साथै सस्तो र सुलभरुपमा खाना, बस्न र एम्वेसी लैजान, फर्काएर ल्याउन लगायतका सम्पूर्ण काममा सहजीकरणका लागि हामीलाई सम्झनुहोस् । नेपालबाट एकजना वा ग्रुप आउँदा म्यानपावरका प्रतिनिधि आउनु पर्दैन, हामी सबै कामको सहजीकरण गर्नेछौं ।


(नेपालबाट दिल्ली आउँदा बसको ड्राइभरलाई मा माया नोयडा पुल झारी दिन भन्नुहोला, त्यहाँ अटो पाइन्छ, अटोलाई 7011860726 मा कल गर्न लगाउनुहोला ।

FACILITIES:
Individual AC, Clean & Modern Rooms. Comfortable Beds, Wardrober, Minibar,Free Wifi, Toileires, Telephone, Power Backup, 24 Hrs Room Service, Housekeeping,Laundry, Wheel Chair Acccess, Elevator, CCTV.

LOCATION:
01 Km From Sarita Vihar Metro Station & Mohan Cooperative Industrial Estate & Apollo Hospital 02 Km From Jasola.

India Contact No: + 91-9899048670
+ 91-7011860726
Nepal Contact No: +977-9805675208

SHYAM PALACE
BED & BREAKFAST
A UNIT OF J N HOSPITALITY
1-C, Main Market, Mandanpur, Khadar,
Sarita Vihar, MCD Dipendary, New Delhi-76,
Email:infojshospitality@gmail.com
Fixed Line: +91-11-40550646



मध्यान्ह
www.madhyanhadaily.com
११ चैत २०८२ बुधबार
25 March 2026 Wednesday

# नियमित महाधिवेशनको बाटोमा गगन



पार्टीमा सांगठनिक सुधार गर्दै सबै पक्षसँग संवाद, सहकार्य र सहअस्तित्वका आधारमा अघि बढ्छौं । निर्वाचन समीक्षा र अनुशासनको कारबाहीलगायत विषयमा छलफल भइरहेको छ ।

■ **पुष्पा भुसाल**
**उपसभापति, कांग्रेस**



**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १० चैत

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले मंगलबार पार्टीका पूर्वसभापति शेरबहादुर देउवापक्षलाई सन्देश दिँदै भने- 'मैले सभापतिको रूपमा गाडी हाँकेको छु, अब यो गाडी रोकिँदैन ।'

प्रतिनिधिसभा निर्वाचनमा पार्टी पराजयको जिम्मेवारी लिँदै नेतृत्वबाट राजीनामा दिएका थापाको राजीनामा केन्द्रीय समितिको शुक्रबारको बैठकले अस्वीकृत गरेपछि उनी फेरि सभापतिकै जिम्मेवारीमा फर्किएका हुन् ।

निर्वाचनपछि मंगलबार पहिलोपटक बैठकको सभापतित्व गरेका गगनले १५औं महाधिवेशनको कार्यतालिका प्रस्ताव गर्दै आन्तरिक संगठन सुदृढीकरणको नियमित लयमा फर्किएको सन्देश दिएका हुन् । पहिलो सिटमा बसेर पार्टीको गियर बढाउन लागेको सन्देशसहित गगनले आगामी भदौ २४ देखि २६ सम्म महाधिवेशन गर्ने गरी कार्यतालिका प्रस्ताव गरेका हुन् ।

पुस २७ देखि माघ १ गते सम्पन्न विशेष महाधिवेशनलगत्तै प्रतिनिधिसभाको निर्वाचनमा होमिएको गगन नेतृत्वको कांग्रेस निर्वाचनमा शर्मनाक पराजयसँगै विक्षिप्त थियो । सभापति थापा आफैंले सर्लाही ४ बाट चुनाव हारे भने उनको नेतृत्वमा रहेको कांग्रेसले १६५ निर्वाचन क्षेत्रमध्ये १८ स्थानमा मात्रै जित्यो । समानुपातिकमा समेत चानचुन १८ लाख मत ल्याएर २० सांसद पायो । कांग्रेस नेतृत्वमाथि फरक समूहका नेता-कार्यकर्ताले पार्टी हारको कारक गगन नै भएको टिप्पणी गरेका छन् । तर, वर्तमान केन्द्रीय समितिका नेताहरूले भने विशेष महाधिवेशनबाट नीति र नेतृत्व परिवर्तन नभएको भए कांग्रेस अझै रसातलमा पुग्ने दाबी गर्दै आएका छन् । सभापति थापाले महाधिवेशनको तयारी गर्दै गर्दा देउवा पक्षका नेता श्याम घिमिरेले भने विशेष महाधिवेशनविरुद्धको रिट सर्वोच्चबाट टुंगो नलाग्दासम्म महाधिवेशन नहुने टिप्पणी गरेका छन् । देउवा समूहका नेताहरू विशेष महाधिवेशनबाट आएको गगन नेतृत्वको कांग्रेसलाई अस्वीकार गर्दै पार्टीमा दुईवटा सभापति रहेको बताउँदै आएका छन् ।

तर सभापति थापाले एउटा विशिष्ट अवस्थामा, विशेष महाधिवेशनबाट आएको नेतृत्वले कसैलाई पनि पूर्वाग्रहका रूपमा नहेर्ने बताए । 'हामीले निर्वाचनमा भाग लियौं । विशेष अधिवेशनअगाडि, पछाडि कसले भाग लियो कसले लिएन भन्ने कुरा सकियो,' उनले भने, 'मैले सभापतिको रूपमा गाडी हाँकेको छु । अब यो गाडी रोकिँदैन । यो गाडीमा अब को विशेष अधिवेशनमा हुनुहुन्थ्यो र को हुनुहुँदैन थियो भन्ने कुराबाट कुनै पूर्वाग्रह पनि हुँदैन ।'

सभापति थापाले पार्टीभित्र व्यापक शुद्धीकरण र संरचनात्मक परिवर्तनका लागि 'ग्रान्ड रिफर्म'को योजना अघि सारेका छन् । कांग्रेसमा अब सानो सुधार नभई ग्रान्ड रिफर्म चाहिएको छ,' उनले भने, 'सत्ताका लागि गरिने सिद्धान्तहीन सम्झौता र राज्य शक्तिको दुरुपयोगजस्ता 'मैला पातहरू' अब हटाउनुपर्ने बेला आएको छ ।' सदस्यता प्रणालीमा आमूल परिवर्तन गर्दै आगामी वैशाख १ गतेबाट सबै क्रियाशील सदस्यको नयाँ ढंगले अभिलेखीकरण र अद्यावधिक गरिने भन्दै थापाले प्रत्येक सदस्यले 'कांग्रेस आइडी' पाउने र प्रक्रिया डिजिटल हुने बताएका छन् ।

यस्तै, विभिन्न पेसा र व्यवसायमा रहेका विज्ञहरूलाई पार्टीको नेतृत्वमा ल्याउन 'ल्याटरल इन्ट्री'को ढोका खोलिने उनको भनाइ छ । सार्वजनिक जिम्मेवारीमा जान चाहने नेताका लागि थापाले 'कांग्रेस लिडरसिप एकेडेमी'को अवधारणा अघि सारेका छन् । अब स्थानीय वा प्रदेश निर्वाचनमा उम्मेदवार बन्न चाहने व्यक्तिले अनिवार्य रूपमा एकेडेमीको पाठ्यक्रमअनुसार प्रशिक्षण लिनुपर्नेछ । 'मेयर वा वडाध्यक्ष बन्न चाहनेले पब्लिक पोलिसी, अर्थतन्त्र र सुशासनका बारेमा तोकिएको घण्टा क्लास लिनैपर्छ,' उनले भने ।

कांग्रेसको प्रस्तावअनुसार महाधिवेशनको तयारी प्रक्रिया चैत महिनाबाटै सुरु हुनेछ । क्रियाशील सदस्यता वितरण तथा अद्यावधिकका लागि चैत २१ गतेदेखि मसान्तसम्म विशेष अभियान सञ्चालन गरिनेछ भने वैशाख १ गतेदेखि मसान्तसम्म देशभरका ६ हजार ७४३ वडाबाट सदस्यता नवीकरण र वितरण गर्ने योजना छ । जेठ मसान्तभित्र सदस्यता विवरण केन्द्रमा पठाइसक्ने र असार १५ गतेसम्म केन्द्रले आवश्यक छानबिन सम्पन्न गर्ने तयारी गरेको छ । त्यसपछि अद्यावधिक सदस्यता विवरण निर्वाचन समितिलाई बुझाइनेछ । साउन ६ गते वडा अधिवेशन, साउन १२ गते गाउँ/नगरपालिका अधिवेशन, साउन २३ प्रदेशसभा क्षेत्र अधिवेशन, साउन ३० गते प्रतिनिधिसभा क्षेत्र अधिवेशन गर्ने प्रस्तावमा उल्लेख छ । त्यस्तै, भदौ ६-७ गते जिल्ला अधिवेशन, भदौ १५-१६ गते प्रदेश अधिवेशन र भदौ २४-२६ केन्द्रीय महाधिवेशन गर्ने प्रस्तावलाई गरिएको छ । सो प्रस्तावलाई बैठकले निर्णय गरेर जाने नेताहरूले बताएका छन् ।

निर्वाचन पराजयको घाउमा मल्हम लगाउँदै विस्तारै सम्हालिँदै आएको कांग्रेस नियमित सांगठनिक गतिविधिमा फर्किएको कांग्रेस उपसभापति पुष्पा भुसालले बताइन् । संख्यात्मक हिसाबले संसद्मा कमजोर रहे पनि बलियो प्रतिपक्षको भूमिका निर्वाह गर्ने कांग्रेसको योजना छ । त्यस्तै, पार्टी महाधिवेशनका सबै प्रक्रियालाई समयमै व्यवस्थित बनाउने, निर्वाचनको समीक्षा प्रदेश स्तरमा गर्ने, पार्टीभित्रको अनुशासनको कारबाहीलगायत विषयमा समेत छलफल भइरहेको उपसभापति भुसालको भनाइ छ । 'बैठकमा पेस भएको १५औं महाधिवेशनको कार्यतालिका प्रस्ताव छलफलपश्चात् स्वीकृत हुन्छ,' उनले मध्यान्हसँग भनिन्, 'पार्टीमा व्यापक सांगठनिक सुधार गर्दै अघि बढ्ने सन्दर्भमा पार्टीका पक्षसँग नेताहरू संवाद, सहकार्य र सहअस्तित्वका आधारमा अघि बढ्छौं । निर्वाचनको समीक्षा प्रदेश स्तरमा गर्ने, पार्टीभित्रको अनुशासनको कारबाहीलगायत विषयमा समेत छलफल भइरहेको छ ।'

गत चैत २ गते नै कांग्रेसका महामन्त्री प्रदीप पौडेलले आगामी दिनमा पार्टीमा गरिनुपर्ने सुधारका लागि कार्यकर्ता तथा शुभेच्छुकसँग सुझाव मागेका थिए । 'पुसमा सम्पन्न विशेष महाधिवेशनले निर्देश गरेका कार्यदिशालाई समेत आत्मसात् गर्दै पार्टीको नियमित महाधिवेशनको आयोजना गर्नुपर्नेछ,' महामन्त्री पौडेलले भनेका थिए, 'यसै परिस्थितिमा कांग्रेसमा गर्नुपर्ने नीतिगत, संरचनागत तथा व्यावहारिक सुधारका विषयहरू के हुन सक्लान् ? सुझाव उपलब्ध गराई सहयोग गरिदिनुहुन विनम्र अनुरोध गर्दछौं ।' उनको आह्वानअनुसार पार्टीमा आवश्यक सुझावहरू आइरहेको कांग्रेसका कार्यबाहक मुख्य सचिव कृष्णप्रसाद दुलालले बताए ।

# काम नगर्ने ठेकेदारलाई कारबाही



**भोजपुर/मस-** भोजपुरको टेम्केमैयुङ गाउँपालिकाले ठेक्का सम्झौताअनुसार निर्माण नगर्ने ठेकेदारलाई कारबाही अघि बढाएको छ । आर्थिक वर्ष २०७७/७८ थालिएको १५ शय्याको कोट अस्पताल निर्माणलाई अलपत्र पार्ने निर्माण कम्पनीलाई कारबाही अघि बढाएको हो ।

गाउँपालिकाले सार्वजनिक सूचना जारी गर्दै निर्माण कम्पनी भूमि हिमालयन जेभी विराटनगरलाई आवश्यक स्पस्टीकरणसहित सात दिनभित्र सम्पर्क आउन निर्देशन दिएको छ । तोकिएको समयभित्र सम्पर्कमा नआएमा प्रचलित ऐन, नियमावली तथा सम्झौताअनुसार एकतर्फी रूपमा कारबाही प्रक्रिया अघि बढाइने स्पष्ट पारिएको छ ।

समयमा काम सम्पन्न नगरेको, निर्माणस्थल अलपत्र छाडिएको तथा पटकपटक ताकेता गर्दासमेत सम्पर्कमा नआएको भन्दै सम्बन्धित निर्माण कम्पनीमाथि कारबाही प्रक्रिया अघि बढाइएको सूचनामा उल्लेख गरिएको छ । गाउँपालिकाले सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा सम्झौतामा गरिएको शर्तबमोजिम कारबाही प्रक्रिया अगाडि बढाउन सकिने जनाएको छ । कानुनी प्रावधानअनुसार ठेक्का रद्द गर्ने, धरौटी जफत गर्ने वा अन्य प्रशासनिक कारबाहीसमेत हुनसक्ने संकेत गरिएको छ ।

निर्माण निर्धारित समयमै सम्पन्न नहुँदा स्थानीय बासिन्दाले स्वास्थ्य सेवा विस्तारमा ढिलाइ भएको गुनासो गर्दै आएका छन् । अस्पताल भवन निर्माण ढिलाइ हुँदा सेवाग्राहीले आवश्यक स्वास्थ्य सुविधा समयमै नपाउने अवस्था सृजना भएको छ ।

यस किसिमको गैरजिम्मेवार व्यवहारप्रति कडाइ गर्दै सार्वजनिक विकास निर्माणलाई प्रभावकारी र समयमै सम्पन्न गराउन स्थानीय तह प्रतिबद्ध रहेको गाउँपालिका अध्यक्ष सरोज बस्नेतले बताए ।

# चार महिनादेखि तिला गाउँपालिका प्रमुख प्रशासकीयविहीन



**जुम्ला/मस-**जुम्लाको तिला गाउँपालिका चार महिनादेखि प्रमुख प्रशासकीय अधिकृतविहीन बनेको छ । सरुवा भएर गएका प्रमुख प्रशासकीय अधिकृतको रिक्त स्थानमा सम्बन्धित मन्त्रालयले अर्को कर्मचारी नपठाएपछि गाउँपालिकाको दैनिक कामकाज नै प्रभावित भएको गाउँपालिका अध्यक्ष मोतीलाल रोकायाले जानकारी दिए । प्रशासकीय अधिकृत नहुँदा कतिपय सम्पन्न भइसकेका योजनाको भुक्तानीलगायतका काम ठप्प छन् । सम्बन्धित मन्त्रालयसँग प्रशासकीय अधिकृत पठाइदिन गाउँपालिकादेखि पत्र पठाएपनि सुनुवाइ नभएको गुनासो छ । नयाँ सरकार गठन भएपछि मात्र प्रमुख प्रशासकीय अधिकृत पठाउने भनी मन्त्रालयबाट जवाफ पाएको गाउँपालिका अध्यक्ष रोकायाले बताए । यसअघिका प्रमुख प्रशासकीय अधिकृत सुरेश भट्टराई गत माघको दोस्रो साता सरुवा भएका थिए । प्रमुख प्रशासकीय नहुँदा फागुनदेखि कर्मचारीको तलबसमेत निकासा हुन सकेको छैन ।

## बर्डफ्लुले ...

तिनको पनि नमुना संकलन गर्ने निर्देशन टोलीलाई दिइएको थियो । सुरक्षा सामग्री र जनशक्ति जुटाएर मंगलबार दिउँसो ३ बजेदेखि मृत काग संकलन सुरु गरिएको थियो । संकलित मृत कागलाई उद्यानभित्रै सुरक्षित स्थलमा डोजरको सहायताले ठुलो खाल्डो खनी विसर्जन गरिएको थियो ।

पशुसेवा विभाग र कीर्तिपुर नगरपालिकाले सो कार्यका लागि आवश्यक संक्रमणप्रतिरोधी पोसाक (पिपिई) तथा संकलनका लागि प्रयोग हुने अन्य सामान उपलब्ध गराइएको थियो । साथै जैविक सुरक्षाका अन्य उपायसमेत अपनाइएको जानकारी पनि गैरेले दिइन् । काग संकलनमा संलग्नहरूका अनुसार, उद्यानमा अन्य चरा भने त्यसरी मरेको भेटिएको छैन ।

'खुला स्थानमा जतातते उड्ने भएकाले कुखुराको बर्डफ्लुभन्दा कागबाट फैलिने संक्रमण नियन्त्रण जटिल हुन्छ,' उनले भनिन् । खोरमा पालिएका कुखुरामा यसको संक्रमण हुन सक्ने जोखिमलाई कम गर्न चुना आदि छर्किनेलगायत सावधानी अपनाइएको छ । कीर्तिपुर नगरपालिका क्षेत्रमा कुखुराका दाना ओसारपसार नगर्न सार्वजनिक सूचनासमेत जारी गरेको छ ।

पशुसेवा विभागका वरिष्ठ पशुचिकित्सक मुकुल उपाध्यायले मृत कागमा एचफाइएन १ र एचनाइन गरी दुवैखालको बर्डफ्लु भाइरस देखिएको बताए । डुलुवा पक्षीमा पर्ने कागमा फिरन्ते चराहरूबाट बर्डफ्लु संक्रमण फैलिएको हुनसक्ने उनको अनुमान छ । केही वर्षअघि काठमाडौंको बेलायती राजदूतावास परिसरमा पनि यसैगरी कागमा संक्रमण देखिएको उपाध्याय बताउँछन् ।

यस्तो समस्या विभिन्न समयमा देखिने र अरू चरालाई सार्ने जोखिम पनि उत्तिकै रहेको छ । 'त्यसैले कुखुरा, बट्टाइ वा कालिजपालक किसानहरूलाई जंगली चराचुरुंगी, कुकुर वा बिराला जान नसक्ने गरी खोरको व्यवस्थापन गर्न तथा खुला ढंगले चराचुरुंगी नपाल्न आग्रह गरिएको छ,' उनले भने ।

संक्रमण भयो भन्दैमा अन्यत्रका पनि कागलाई खोजीखोजी मार्नेजस्ता काम भने गर्न नहुने उपाध्याय बताउँछन् । साथै मरेका कुखुरा वा पंक्षी बंगुरलाई खुवाउने वा कुन स्रोतबाट आएको भन्ने थाहा नभई सस्तो पाएकै भरमा कुखुराको मासु उपभोग नगर्न पनि उनले आग्रह गरे ।

## अन्योलमा...

विघटन भयो र मुलुक नयाँ निर्वाचनमार्फत अघि बढेको छ ।

२१ फागुनमा सम्पन्न निर्वाचनमा लामिछाने चितवन निर्वाचन क्षेत्र नम्बर २ बाट निर्वाचित भए । यसअघि २०७९ मा पनि उनी सोही क्षेत्रबाट विजयी भएका थिए । तर नागरिकतासम्बन्धी विवादमा उनी पदमुक्त भए । त्यसपछि २०८० मा उपनिर्वाचन हुँदा लामिछाने फेरि उम्मेदवार भए र चुनाव जिते ।

तर संगठित अपराध र सम्पत्ति शुद्धीकरणको अभियोग लागेपछि ८ पुस २०८१ मा उनी सांसद पदबाट निलम्बनमा परेका थिए ।

लामिछानेविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय कास्कीले ७ पुस २०८१मा सम्पत्ति शुद्धीकरण, संगठित अपराध र सहकारी ठगीसमेतमा गरी तीनवटा मुद्दा दायर गरेको थियो । त्यसलगत्तै उनी निलम्बनमा परेका हुन् ।

सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन २०६४ को दफा २२मा 'यससम्बन्धी मुद्दा दायर भएपछि मुद्दाको किनारा नभएसम्म त्यस्तो कर्मचारी, पदाधिकारी वा राष्ट्रसेवक स्वतः निलम्बन भएको मानिनेछ' भन्ने व्यवस्था छ ।

लामिछानेविरुद्धको सम्पत्ति शुद्धीकरणको मुद्दाको किनारा लागेको छैन । महान्यायाधिवक्ता कार्यालयको उनीविरुद्धको संगठित अपराध र सम्पत्ति शुद्धीकरणको अभियोग संशोधन गर्ने निर्णय गरिसकेको छ । महान्यायाधिवक्ता कार्यालयको यस्तो निर्णयविरुद्ध सर्वोच्च अदालतमा परेको मुद्दा विचाराधीन छ ।

सर्वोच्च अदालतले लामिछानेविरुद्धको अभियोग संशोधन गर्ने महान्यायाधिवक्ता कार्यालयको निर्णय सदर गरे त्यसपछि थप प्रक्रिया अगाडि बढ्ने थियो । प्रक्रियाअनुसार लामिछानेविरुद्धको सम्पत्ति शुद्धीकरणको अभियोग फिर्ता भएको अवस्थामा उनलाई सहज हुने थियो । तर, सर्वोच्च अदालतले उक्त मुद्दामा कुनै फैसला गरेको छैन । मंगलबार सुनुवाइ भए पनि फैसला हुन सकेन र 'हेर्दाहेर्दै'मा पर्‍यो । अर्को सुनुवाइ आगामी बिहीबारका लागि तय भएको छ । सोही दिन नवनिर्वाचित सांसदहरूको शपथ ग्रहण राखिएको छ । यसकारण पनि लामिछानेको शपथ के हुन्छ भन्ने अन्योल सिर्जना भएको हो । तर, संसद् सचिवालय लामिछानेलाई शपथमा रोक्ने पक्षमा देखिँदैन ।

## पश्चिम...

पनि भाउ बढेको छ । कृषि क्षेत्रमा ट्याक्टर, पानीपम्प, कृषि यन्त्रका लागि पनि इन्धनकै प्रयोग हुनाले किसानको लागत पनि महँगो भएको छ । जसको सिधा असर भान्सामा परेको हो ।

औषधिको मूल्य तीव्र गतिमा उकालो लाग्दै

मध्यपूर्वमा देखिएको तनावले मानिसको स्वास्थ्य उपचारमा प्रयोग हुने अत्यावश्यक औषधिको समेत अभाव सुरु भएको छ । इन्धनको मूल्यमा आएको तीव्र वृद्धि तथा अवरोधका कारण औषधिका लागि आवश्यक कच्चापदार्थको अभाव सुरु भएको छ भने औषधिको भाउ पनि तीव्र गतिमा बढिरहेको छ । नेपालमा धेरैजसो औषधि भारत र चीनबाट आयात हुने गर्दछन् । औषधिका लागि चाहिले कच्चापदार्थ अमेरिका, जर्मनी सिंगापुरलगायतबाट आयात गर्ने गरिन्छ । भारतले पनि कच्चापदार्थ अन्य देशबाटै आयात गरेर औषधि बनाउने गर्दछ । लालसागरको अवरोधले गम्भीर प्रकृतिका रोगको औषधिको अभाव हुने खतरा बढेको हो । औषधि उत्पादक संघका अध्यक्ष विप्लव अधिकारीका अनुसार मल्हम बनाउन चाहिने पेट्रोलियम जेली, सलाइनका बोतल बनाउन प्रयोग हुने प्लास्टिकका दाना, ग्लिसरिन र आइपिएजस्ता पदार्थको लागत र उपलब्धतामा ठुलो प्रभाव परेको छ । उनले सलाइनको बोतल बनाउने कच्चापदार्थ (दाना)को मूल्यसमेत ६० देखि ७० प्रतिशत बढिसकेको बताए । औषधि उद्योगीका अनुसार औषधिका लागि आयात गरिने कच्चापदार्थमा ३० देखि ७० प्रतिशतसम्म मूल्यवृद्धि भएको छ । विदेशी आपूर्तिकर्ताले औषधि र कच्चापदार्थको अर्डर नै लिन छाडेको र युद्ध लम्बिए केही दिनभित्रै औषधिको अभाव सुरु हुनसक्ने उद्योगीहरूको भनाइ छ । औषधि व्यवस्था विभागका अनुसार नेपालमा १ सय ३० उद्योग दर्ता भएका छन् । जसमध्ये करिब ८० वटा उद्योग सञ्चालनमा छन् ।

बन्द हुँदै खानेपानी उद्योग

लालसागरमा भएको अवरोधका कारण नेपालका खानेपानी उद्योग समेत धमाधम बन्द हुन थालेका छन् । खानेपानीका जार, बोतल, तिनमा प्रयोग हुने बिर्को बनाउने आवश्यक पर्ने कच्चापदार्थको अभाव भएपछि खानेपानी उद्योग धमाधम बन्द हुन थालेका हुन् । कोशी र मधेश प्रदेशका उद्योगहरू धमाधम बन्द भइरहेका छन् । काठमाडौं उपत्यकाका धेरै उद्योग पनि कच्चापदार्थको अभावमा बन्द हुने अवस्थामा पुगेका छन् । यो हप्ताभित्रमा समस्या समाधान नभए उपत्यकाका धेरैजसो उद्योग बन्द हुने बताउँछन्, नेपाल पानी उद्योग महासंघका अध्यक्ष विक्रम लिम्बू ।

प्लास्टिक दानाको मुख्य आधार कच्चा तेल रहेको र अहिले यसको उत्पादनमा आएको गिरावटका कारण विश्व बजारमै दानाको चरम अभाव देखिएको उद्योगीहरू बताउँछन् । तेल प्रशोधन गर्ने ठुला कम्पनीहरूले उत्पादन कटौती गर्दा बजारमा दानाको उपलब्धता न्यून भएको उनीहरूको भनाइ छ । पश्चिम एसियामा जारी युद्धले पेट्रोलियम पदार्थको सम्पूर्ण आपूर्ति शृंखला नै बिथोलिदिएको छ, जसका कारण लजिस्टिक र ढुवानी खर्चमा भारी वृद्धि भएको छ । एकातिर कच्चापदार्थको अभाव भइरहेको छ भने अर्कोतिर कच्चापदार्थको भाउ विश्वबजारमा ३० प्रतिशतसम्म बढेको छ । जसले गर्दा कच्चापदार्थ आइहालेमा पनि खानेपानीको मूल्य बढाउने तयारी उद्योगीहरूको छ ।

विशेषगरी खानेपानीको बोतल र जार बनाउन प्रयोग हुने 'पेट रेजिन' र बिर्को तथा जारका लागि आवश्यक 'एचडिपिई'को मूल्य अन्तर्राष्ट्रिय बजारमा तीव्र रूपमा बढेको छ । बोतल उत्पादनका लागि प्रयोग हुने पेट रेजिनको अन्तर्राष्ट्रिय मूल्य अहिले प्रतिटन ९ सय ५० देखि १ हजार १ सय डलरको बीचमा पुगेको छ । युद्ध सुरु हुनुभन्दा पहिले यो मूल्य औसत ८ सयदेखि ८ सय ५० डलर हाराहारीमा सीमित थियो । यस्तै, जार र बिर्को बनाउन प्रयोग हुने उच्च घनत्वको प्लास्टिक दाना एचडिपिई र पिपीको मूल्य प्रतिटन १ हजार ५० देखि १ हजार २ सय ५० डलरसम्म पुगेको छ । यस्तै, खानेपानीका पाइप निर्माण गर्ने कच्चापदार्थको समेत अभाव हुँदा पाइप उत्पादन हुन नसकी खानेपानी आयोजना नै प्रभावित हुन थालेका छन् ।

**विकास निर्माण प्रभावित**

इन्धनको मूल्यवृद्धिका कारण ढुवानी खर्च र प्याकिङ सामग्री बढेको भन्दै उद्योगीहरूले सिमेन्ट र फलामे छडको मूल्य बढाएका छन् । सिमेन्टमा त पछिल्ला दुई हप्तामै ९० देखि सय रुपैयाँसम्म मूल्य वृद्धि भएको छ । कोइलाको मूल्य बढेको, केमिकल, ढुवानीदर र विदेशी विनिमयदरमा भएको वृद्धिले सिमेनटको भाउ अझ वृद्धि हुन सक्ने एक सिमेन्ट उद्योगीले बताए । सिमेन्ट र छडको भाउ बढ्दा विकास निर्माणका आयोजनाको लागत नै बढ्दै गएको छ । यसैगरी विकास निर्माणका कार्यमा प्रयोग हुने बिटुमिन तथा इमल्सिफायर, केमिकल, स्प्रिटजस्ता पदार्थको आयात हुन नसक्दा आयोजनाको लागत बढ्दा समग्र अर्थतन्त्रमा नै दबाब सिर्जना हुँदै गएको छ ।

## झन्डै...

आरोपमा पत्राउ परेकी छन् । उनीविरुद्ध वैदेशिक रोजगारसम्बन्धी ठगीका २ वटा मुद्दा वैदेशिक रोजगार न्यायाधिकरणमा दर्ता गरिएको छ । दुई वटा मुद्दामा उनीविरुद्ध ८० लाख २५ हजार रुपैयाँ बिगो दाबी गरिएको छ । उनीविरुद्ध बैंकिङ कसुरका ७ वटा मुद्दासमेत रहेका छन् । उनलाई थप कारबाहीका लागि जिल्ला प्रहरी परिसर भद्रकाली, काठमाडौं पठाइएको प्रहरीले जनाएको छ ।

## एमालेको...

वाक्क भएकाले जनताको भावना बुझेर केही नयाँ गर्नुपर्छ भनेर लागेको उनी बताउँछन् । रास्वपामा युवाको सपना समेट्न सक्ने क्षमता देखेको उनको भनाइ छ ।

राष्ट्रिय स्वतन्त्र पार्टीको केन्द्रीय सार्वजनिक मामिला सचिवको जिम्मेवारीमा रहेर काम गरेका उनले निर्वाचनका लागि टिकट पाएपछि रास्वपा काभ्रेमा आन्तरिक मनमुटाव भयो । अघिल्लो निर्वाचनमा रास्वपाबाट उम्मेदवार बनेका दिनेश हुमागाईंले पार्टी नै परित्याग गरे । पार्टीमा योगदान नगरेको व्यक्तिलाई टिकट दिएको भनेर विरोध नभएको हैन । तर पार्टीले सोचेर र बुझेर नै आफूलाई टिकट दिएको भण्डारी बताउँछन् ।

काभ्रेका जनताले पहिलेदेखि नै चिनेका र बुझेका एमालेका अशोककुमार ब्याञ्जु, कांग्रेसका मधु आचार्य र नेपाली कम्युनिस्ट पार्टीका बसुन्धरा हुमागाईंसँग उनको मुख्य प्रतिस्पर्धा थियो । ब्याञ्जु त धुलिखेल नगरपालिकाको मेयर नै थिए । कार्यकाल बीचमै छोडेर उनी निर्वाचनमा होमिएका थिए । आचार्य कांग्रेसका पुराना नेता हुन् भने हुमागाईं प्रदेश सांसद भइसकेका नेता हुन् ।

यी सबैसँगको प्रतिस्पर्धामा भण्डारी केही नयाँ थिए । सुरुमा उनको बारेमा केही संशय भए पनि पछि विस्तारै माहोल आफ्नो पक्षमा बनाए । आफूले फजुल खचबिर्ना चुनाव जितेको उनको दाबी छ । उनी भन्छन्, 'मतदाताहरूमा चरम निराशा छ, यो निराशालाई आशामा बदलेर देश परिवर्तन गर्नु छ ।' देश परिवर्तन गर्ने कुरा त छ, तर सुरु कहाँबाट गर्ने भन्ने प्रश्नले उनलाई पनि छाडेको छैन । यसलाई चुनौतीका रूपमा लिएको उनी बताउँछन् ।

निर्वाचित भएको केही दिनमा नै उनले सामाजिक सञ्जाल फेसबुकमा २० बुँदाको एउटा स्टाटस पोस्ट गरे । जहाँ उनले आफूले के गर्ने हैन, के नगर्ने भन्ने कुरा उल्लेख गरेका थिए । २० बुँदाको सार थियो, 'अनियमित कामका लागि मलाई सम्पर्क नगर्नू ।' भनसुनका आधारमा कुनै काम नगर्ने उनको प्रतिबद्धता छ । उनी सुशासनको कुरा मात्र गरेर नहुने, आफैंबाट सुरुवात गर्नुपर्छ भन्नेमा दृढ रहेको भण्डारी बताउँछन् ।

निर्वाचनको केहीअघि उनीमाथि काठमाडौंको कपनमा आक्रमण भएको थियो । घाइते अवस्थामा भागेर घर पुग्दा कलिला दुई बच्चा, श्रीमती र आमाको आँखामा देखेको भयले अहिले पनि उनलाई झस्काउँछ । राजनीतिमा नलाग्न परिवारका सदस्यले उनलाई सम्झाएका पनि थिए । तर, देश बनाउने अभियानमा लागिसकेकाले यस्ता झिनामसिना घटनालाई आफूले सामान्य मानेको उनी बताउँछन् । रवि-बालेनको सहकार्यले नै देशको मुहार फेरिनेमा उनी ढुक्क छन् र यो अभियानमा जोडिन पाउँदा गर्व गर्छन् ।

पाँच नगरपालिका र दुई गाउँपालिका रहेको काभ्रे-२मा ६६ वटा वडा छन् । भौगोलिक हिसाबले सुगम रहेका बनेपा, धुलिखेल, पनौती, पाँचखाल, मण्डनदेउपुर यही क्षेत्रमा पर्छन् । यी ठाउँमा विकासभन्दा पनि व्यवस्थापन चुनौतीपूर्ण रहेको उनको बुझाइ छ । काभ्रेको दुःख बनेपाको डुबान र धुलिखेल-खावा सडकको पहिरो हो । डुबानको समस्या कहिले सकिन्छ थाहा छैन, तर खावा सडकखण्ड मर्मतको अन्तिम चरणमा छ । बरु उनको आफ्नै ठाउँ भुम्लु भौगोलिक हिसाबले तुलनात्मक रूपमा विकट छ ।

संघीय सांसद भएकाले विधिविधान निर्माण र कार्यान्वयनमा त उनको भूमिका रहन्छ नै, त्यससँगै आफ्नो क्षेत्रमा देखिएको जटिलता, अनियमिततामा खबरदारीका साथै आवश्यक समन्वयन गर्नुपर्ने उनको कार्यभार हो । काठमाडौंलाई लगभग धान्न सक्ने तरकारी उत्पादन गर्न सक्ने काभ्रे पछिलो समय किसानका समस्याले सुस्ताएको छ । काभ्रेका तरकारी किसानको समस्या समाधानको पहल गर्ने पहिलो काम हुने उनले बताएका छन् । धार्मिक पर्यटनका लागि पलान्चोक भगवती, चण्डेश्वरी, भीमसेन थान, पनौती, नालाजस्ता क्षेत्रलाई प्रवर्द्धन गर्ने उनको योजना छ ।

## संघीय संसद् भवन निर्माण अवधि पुनः विस्तार

# ९५ प्रतिशत प्रगति



**काठमाडौं/मस-** सिंहदरबार परिसरअन्तर्गत पुतली बगैंचामा निर्माण भइरहेको संघीय संसद् भवनको निर्माण अवधि फेरि बढाइएको छ । यसअघि तोकिएको पाँचौंपटकको समयसीमा समाप्त भएपछि सहरी विकास तथा भवन निर्माण विभागले थप ९० दिनको अवधि प्रदान गरेको हो, जुन फागुन महिनादेखि लागू हुने बताइएको छ । विभागका अनुसार निर्माण कार्य समग्रमा अन्तिम चरणतर्फ उन्मुख भए पनि अझै पूर्णता प्राप्त गर्न बाँकी रहेको छ । प्रवक्ता रोशन श्रेष्ठका अनुसार परियोजनाको भौतिक प्रगति करिब ९५ प्रतिशत पुगेको छ भने वित्तीय प्रगति ९० प्रतिशत आसपास रहेको छ । प्रारम्भमा तीन वर्षभित्र सम्पन्न गर्ने लक्ष्यसहित २०७६ असोज १ गते शिलान्यास गरिएको उक्त आयोजना सात वर्ष बितिसक्दा पनि सम्पन्न हुन सकेको छैन ।

हाल प्रतिनिधिसभा कक्ष तयार पार्ने काम अन्तिम चरणमा पुगेको जनाइएको छ । अस्थायी रूपमा शपथग्रहण तथा आवश्यक परे बैठक सञ्चालन गर्न मिल्ने गरी बहुउद्देश्यीय हलमा अडियो-भिडियो सुविधा जडान गरिएको छ ।

निर्माणस्थलमा तीन सिफ्टमा काम सञ्चालन भइरहेको र दैनिक करिब चार सय कामदार संलग्न रहेको विभागले जनाएको छ । संरचनागत (सिभिल) काम प्रायः सम्पन्न भइसकेको र आन्तरिक साजसज्जा तथा अन्तिम परिष्करणका काम बाँकी रहेको उल्लेख गरिएको छ । निर्धारित थप अवधिभित्र काम सम्पन्न गर्ने लक्ष्य राखिएको र ढिलाइ भएमा जरिवानासम्बन्धी प्रावधान लागू हुने जनाइएको छ ।

टुदी सेप जेभीले करिब पाँच अर्ब ३९ करोड रुपैयाँ लागतमा निर्माण गरिरहेको यो भवन १५१ रोपनी क्षेत्रफलमा फैलिएको छ । परियोजनाअन्तर्गत आठ ब्लक र १२ वटा छुट्टाछुट्टै संरचना समावेश छन् । चार सय सिट क्षमताको प्रतिनिधिसभा र एक सय सिट क्षमताको राष्ट्रिय सभा कक्ष निर्माणाधीन छन्, जसबीच मुख्य प्रवेशद्वार रहने संरचना तयार हुँदै छ ।

यससँगै संसदीय दलका कार्यालय, समिति कक्ष, संसद् सचिवालयका भवन, पुस्तकालय, संग्रहालय, चमेनागृह, विशिष्ट व्यक्तिका लागि छुट्टै आवासीय संरचना, पार्किङ तथा सुरक्षा व्यवस्थाका पूर्वाधारहरू पनि समेटिनेछन् ।

राष्ट्रिय महत्वको यस आयोजनामा भूकम्पीय सुरक्षालाई ध्यानमा राखी संरचनात्मक, वास्तुकला, विद्युतीय तथा स्यानिटरी पक्ष समायोजन गरिएको जनाइएको छ । राष्ट्रिय भवन संहिताअनुसार निर्माण भइरहेको भवनमा नेपाली मौलिकता झल्किनेगरी मल्लकालीन वास्तुकलाको प्रभाव समावेश गरिएको सम्बन्धित आयोजना कार्यालयले जनाएको छ ।

## ट्राभल्स व्यवसायमाथि कडाइ

# दर्जनौं कम्पनीलाई दर्ता हुन अल्टिमेटम

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
बुटवल, १० चैत



रुपन्देहीको सिद्धार्थनगर (भैरहवा) क्षेत्रमा सञ्चालनमा रहेका टुर्स एण्ड ट्राभल्स हरुको अनुगमन तिव्र पारिएको छ । पर्यटन डिभिजन कार्यालयको नेतृत्वमा गरिएको स्थलगत अनुगमनले अधिकांश व्यवसाय अनुमतिविना सञ्चालन भइरहेको तथ्य उजागर गरेको पर्यटन डिभिजन कार्यालय भैरहवाले जनाएको छ ।

निमित्त कार्यालय प्रमुख नेत्रप्रसाद भुसालको नेतृत्वमा गरिएको संयुक्त अनुगमन टोलीले अनुमति नलिने तर व्यवसाय गर्ने केही व्यवसायीलाई कानुनी दायरामा आउन निर्देशन दिएको हो ।

अनुगमनमा पर्यटन कार्यलयका वरिष्ठ अधिकृत मनमोहन ज्ञवाली, प्रहरी निरीक्षकहरु मानबहादुर वि.सी. र हरिराम डाँगी, सिद्धार्थनगर नगरपालिकाकी वरिष्ठ प्रशासन अधिकृत साधना पोखेल, नाटा लुम्बिनी प्रदेश अध्यक्ष चन्द्रबहादुर थापा, सोट्टो लुम्बिनी प्रदेश अध्यक्ष सञ्जय वजिमय लगायत सुरक्षाकर्मी तथा सरोकारवालाको टोलिले अनुगमन तिव्र पारेको हो ।

अनुगमनका क्रममा भैरहवा क्षेत्रका कम्तीमा १३ वटा टुर्स एण्ड ट्राभल्स कम्पनीमध्ये धेरैजसोले आवश्यक इजाजत नलिइ वा शाखा सञ्चालन अनुमति नलिइ व्यवसाय सञ्चालन गरिरहेको पाइएपछि ती व्यवसायीलाई कानुनी दायरामा आउन निर्देशन दिएको कार्यालय प्रमुख नेत्रप्रसाद भुसालले जानकारी दिए ।

भुसालका अनुसार मोन्तेभियान्को एडभाञ्चर, प्रमिता टुर्स एण्ड ट्राभल्स, नमस्ते टुर्स एन्ड ट्राभल्स, लाइफ लाइन जर्नी, स्मार्ट ट्राभल्स, एयर विङ्गर, हेलो मिथिला लगायतका कम्पनीहरूलाई सात दिनभित्र आवश्यक अनुमति लिएर मात्र सञ्चालन गर्न निर्देशन दिइएको हो ।

त्यस्तै, केही कम्पनीले आवश्यक कागजात कार्यालयमा उपलब्ध गराउन नसकेको, केहीले शाखा कार्यालय अनुमति बिना सञ्चालन गरेको र केहीले कुनै कारोबार नै नगरेको अवस्थामा पनि दर्ता कायम राखेको पाइएको वरिष्ठ अधिकृत ज्ञवालीले बताए ।

ओम ट्यूली नेपाल ट्राभल्स एण्ड टुर्स प्रा.लि.का दुई फरक शाखामा फरक-फरक प्रकृतिका समस्या देखिएको छ । एक शाखालाई यात्रु बिमा अनिवार्य गर्न निर्देशन दिइएको छ भने अर्को शाखालाई अनुमति बिना सञ्चालन गरेको भन्दै सचेत गराइएको अनुगमन अधिकृत ज्ञवालीको भनाइ छ ।

पर्यटन डिभिजन कार्यालयले ट्राभल्स व्यवसायलाई व्यवस्थित बनाउन र यात्रु सुरक्षालाई प्राथमिकतामा राख्दै यस्तो अनुगमनलाई निरन्तरता दिएको कार्यालय प्रमुख भुसालले मध्यान्हलाई जानकारी दिए ।

विशेषगरी यात्रु बिमा, वैधानिक दर्ता, शाखा अनुमति र सेवा मापदण्ड पालना अनिवार्य गरिने भुसालले दाबी गरे । अनुगमनपछि सबै सम्बन्धित व्यवसायलाई सात दिनभित्र कार्यालयमा सम्पर्क राखी आवश्यक प्रक्रिया पूरा गर्न निर्देशन दिइएको छ । अन्यथा, कानुनी कारबाही अगाडि बढाइने चेतावनी समेत दिइएको छ ।

भैरहवा जस्तो अन्तर्राष्ट्रिय आवागमनको मुख्य नाकामा यस प्रकारको अनियमितता देखिनु चिन्ताजनक भए पनि पछिल्लो कदमलाई पर्यटन क्षेत्रलाई व्यवस्थित बनाउने सकारात्मक प्रयासका रूपमा हेरिएको स्थानीय व्यवसायी दिपक श्रेष्ठले बताए । श्रेष्ठका अनुसार दीर्घकालीन रूपमा सेवा गुणस्तर सुधार गर्ने र यात्रुहरूमा विश्वास बढाउने अपेक्षा स्थानीयवासीले गरेका छन् ।

## कुखुरामा ‘बर्डफ्लु’ प्रकोप

# पक्षीजन्य वस्तु ओसार-पसारमा रोक




**काठमाडौं/मस-** झापाका दमक नगरपालिका र झापा गाउँपालिकामा व्यावसायिक रूपमा पालिएका कुखुरामा ‘बर्डफ्लु’ देखापरेपछि जिल्ला प्रशासन कार्यालयले उच्च सतर्कता अपनाउन सार्वजनिक सूचना जारी गरेको छ ।

प्रशासनले मंगलबार एक सूचना जारी गर्दै रोग पुष्टि भएको क्षेत्रलाई केन्द्रविन्दु मानी चारै दिशामा संकटग्रस्त क्षेत्र घोषणा गरेर नियन्त्रणका काम अघि बढाएको जनाएको छ । निमित्त प्रमुख जिल्ला अधिकारी तेजप्रसाद प्रसाईंद्वारा जारी सूचनामा सङ्क्रमण थप फैलिन नदिन प्रभावित स्थानीय तहहरूबाट पक्षी, अण्डा, दाना र अन्य पक्षीजन्य सामग्री अन्यत्र लैजान पूर्ण रूपमा रोक लगाइएको उल्लेख छ ।

भेटेरिनरी अस्पताल झापाकी प्रमुख शीतल भट्टराईका अनुसार दमक नगरपालिका-१० स्थित एग्रिकल्चर फार्ममा पालिएका लेयर्स कुखुरामा ‘हाइप्याथोजेनिक’ बर्डफ्लु पुष्टि भएको छ । संक्रमण देखिएलगत्तै उक्त फार्मका सबै कुखुराहरू सोमबार नै नष्ट गरिसकिएको उनले बताए ।

दमक, झापा गाउँपालिका मात्र नभई जिल्लाका मेचीनगर र अर्जुनधारा नगरपालिकालगायतका क्षेत्रबाट पनि कुखुरा मरिरहेको सूचना प्राप्त भएकाले जोखिम बढेको अनुमान गरिएको छ । प्रमुख भट्टराईले किसानले ल्याएका नमूनाका प्रारम्भिक ‘ऱ्यापिड टेस्ट’ गर्दा ‘रिपोर्ट पोजेटिभ’ देखिएको र थप प्राविधिक पुष्टिका लागि केन्द्रीय प्रयोगशालामा पठाएर पिसिआर परीक्षण प्रक्रिया अघि बढाइएको जानकारी दिए ।

झापासँगै छिमेकी जिल्ला मोरङ र सुनसरीमा समेत यो रोग फैलिएकाले झापा बर्डफ्लुको उच्च जोखिममा रहेको उनले बताए ।

**मोरङका पाच स्थानमा बर्डफ्लु**

मोरङ जिल्लाका पाँच स्थानमा बर्डफ्लु संक्रमण फैलिएको छ । विराटनगरको दाहाल कृषि फर्म, सुन्दरहरैंचा नगरपालिकाको हलेसी महादेव फर्म, उर्लावारी नगरपालिकाको अठियावारी फर्म र कटहरीको ए टु जेड र कामख्या पोल्टी फर्ममा कुखुरामा बर्डफ्लु देखिएको पशुपक्षी रोग अन्वेषण प्रयोगशाला विराटनगरले पुष्टी गरेको छ ।

संक्रमण पुष्टि भएका क्षेत्रमा पक्षी, अण्डा, दाना र अन्य सामग्री नष्ट गर्ने प्रक्रिया अघि बढाएको छ । पछिल्ला केही दिनयता बोइलर र लेयर्स कुखुरा फर्ममा कुखुरा मर्ने क्रम वृद्धि भएसँगै दैनिक आठदेखि नौ जना किसान परीक्षणका लागि मरेका कुखुरा लिएर आउने गरेको प्रयोगशालाका प्रमुख डा.कमल गिरीले बताए ।

उनका अनुसार गत साउनयता परीक्षण गरिएका १९८ नमूनामध्ये ४५ वटामा बर्डफ्लु पुष्टि भइसकेको छ । शंकास्पद नमुना परीक्षणका लागि काठमाडौं पठाइएको डा.गिरीले जानकारी दिए ।

## मुसहर बस्तीमा

# न व्यवस्थित घर, न शौचालय



**सिरहा/मस-** नेपाल खुला दिसामुक्त घोषणा भएको साढे ६ वर्ष बितिसक्दा पनि सिरहाको लहान नगरपालिकाका मुसहर बस्तीमा स्वच्छताको अवस्था अझै दयनीय छ । हावाहुरी, घामपानी र बर्सात्को समयमा टाउको लुकाउने सुरक्षित घर नहुँदा सास्ती खेपिरहेका मुसहर समुदायका लागि शौचालय त झनै सपनाजस्तै बनेको छ । लहान नगरपालिका-१३की भुटनीदेवी सदायले आफ्नो पीडा पोख्दै भने, ‘बस्ने घरकै टुंगो छैन, शौचालय कहाँ बनाउनु ? वर्षौंअघि सरकारले दिएको रिङ त छ, तर जग्गा नभएकै कारण अहिलेसम्म शौचालय ठड्याउन सकेका छैनौं ।’

भुटनी देवीजस्तै वडा नं. १, २, ५, ९, १२ र २४ का मुसहर परिवारहरू अहिले पनि खुला स्थानमा शौच गर्न बाध्य छन् । सुरक्षित आवास र आफ्नै स्वामित्वको जग्गा नहुँदा मुसहर समुदायमा शौचालय निर्माण र प्रयोग चुनौतीपूर्ण बन्दै गएको छ ।

नगरपालिका र ‘वाटरएड’ संस्थाले हालै गरेको सर्वेक्षण अनुसार लहानका २४ हजार ७०० घरपरिवारमध्ये १७ प्रतिशत अर्थात् चार हजार २१० घरमा अझै शौचालय छैन । अधिकांश दलित र भूमिहीन बस्तीमा जग्गा अभाव र चेतनाको कमीले गर्दा शौचालयको पहुँच पुग्न नसकेको पाइएको छ ।

लहानमा करिब ३० हजार दलित जनसंख्यामध्ये आठ हजार मुसहर समुदायका छन् । ९९ प्रतिशत मुसहर भूमिहीन भएकाले उनीहरूका लागि आवास र स्वच्छता दुवै गम्भीर समस्या बनेको ‘विकन परियोजना’का निर्देशक कविन्द्र पुडासैनीले बताए । समाजसेवी शंकरप्रसाद गुप्ताका अनुसार केवल गैरसरकारी संस्थाका कार्यक्रमले मात्र यो समस्या समाधान हुँदैन । उनका अनुसार यसका लागि स्थानीय स्वास्थ्यकर्मी, शिक्षक र नागरिक अगुवाको सक्रिय निगरानी समूह बनाएर समुदायमा निरन्तर शिक्षा र चेतना दिनु आवश्यक छ ।

लहानका नगरप्रमुख महेशप्रसाद चौधरीले २०१७ मै खुला दिसामुक्त घोषणा भएको नगरमा अझै यति ठूलो संख्यामा शौचालयविहीन हुनु चिन्ताजनक रहेको स्वीकार गरे । उनले भने, ‘यो स्वच्छताको चुनौती गम्भीर छ । अब हामी घर-घर पुगेर वास्तविक अवस्था परिवर्तन गर्ने तयारीमा छौं । भूमिहीन सुकुम्वासीका लागि उपयुक्त स्थान पहिचान गरी स्थानान्तरण प्रक्रियासमेत अघि बढाइनेछ ।’ नगरपालिकाले अहिले ‘विकन परियोजना’सँग मिलेर ती चार हजार २१० घरधुरीमा शौचालय निर्माण गर्ने अभियान सुरु गरेको छ । यसका लागि जनप्रतिनिधि, सामाजिक परिचालक र युवा समूहको सहकार्यमा तीन महिनासम्म घर-घरमै पुगेर प्रत्यक्ष अनुगमन र चेतना अभिवृद्धि गरिने नगरपालिकाले जनाएको छ ।

# निर्वाचनमा प्रयोग नभएका ४० प्रतिशत मतपत्र धुल्याइने

**काठमाडौं/मस-** गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा प्रयोग नभएको करिब ४० प्रतिशत मतपत्र धुल्याइने भएको छ ।

प्रतिनिधिसभा निर्वाचनमा ५९ प्रतिशत मत खसेकाले पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) र समानुपातिक निर्वाचन प्रणालीका लागि छापिएकामा ४० प्रतिशत मतपत्र प्रयोगविहीन भएका हुन् । निर्वाचनका लागि कुल एक करोड ८९ लाख तीन हजार ६ सय ६९ मतदाता रहेकामा आयोगले दुवै प्रणालीका लागि मतदाता सङ्ख्याभन्दा सात प्रतिशत बढी हुने गरी जनक शिक्षा सामग्री केन्द्रमार्फत मतपत्र छपाइ गरेको थियो । आयोगले प्रत्यक्षतर्फ दुई करोड तीन लाख २३ हजार र समानुपातिकतर्फ दुई करोड आठ लाख ४३ हजार गरी चार करोड ११ लाख ४३ हजार मतपत्र छपाइ गरी सम्बन्धित निर्वाचन क्षेत्रमा ढुवानी गरेको थियो ।

आयोगका अनुसार पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ एक करोड ११ लाख ६८ हजार ३२ मतदान भएको र त्यसमध्ये करोड पाँच लाख नौ हजार १७ (९४ दशमलव ५५ प्रतिशत) मत सदर भएको छ । त्यस्तै समानुपातिक निर्वाचन प्रणालीतर्फ एक करोड १२ लाख ८० हजार ६ सय १७ मतदान भएकोमा एक करोड आठ लाख ३५ हजार २५ (९६ दशमलव ०५ प्रतिशत) मत सदर भएको थियो ।

आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले सामान्यतः मतदाताको संख्याभन्दा बढी संख्यामा मतपत्र छापिने अभ्यासबमोजिम यस पटक पनि चार करोड ११ लाख ४३ हजार मतपत्र छापिएकामा प्रयोग नभएका मतपत्र कानुनी प्रबन्धबमोजिम तत्तत् क्षेत्रमा धुल्याउने प्रक्रियामा जाने बताए । मतदाताभन्दा बढी मतपत्र छपाइ भएकामा कुनै दुरूपयोग त भएन ? वा निर्वाचनको निष्पक्षतामा प्रश्न उठ्छ कि ? भन्ने कतिपयले प्रश्न उठाएको सन्दर्भमा प्रवक्ता भट्टराईले भने, ‘शंका त गर्न पाइयो तर निर्वाचनको निष्पक्षतामा कुनै शंका छैन । हामीले प्रतिवेदन राष्ट्रपतिसमक्ष बुझाइसेको र कुनै दल वा पक्षबाट औपचारिकरूपमा त्यस्तो प्रश्न नआएकाले मतपत्र खेर गयो भन्ने आधारमा कुनै शङ्का गर्नु उचित हुँदैन ।’

जनक शिक्षा सामग्री केन्द्र लिमिटेडका प्रबन्ध निर्देशक यदुनाथ पौडेलले पाठ्यपुस्तक छपाइलगायत नियमित कामका अतिरिक्त राष्ट्रको जिम्मेवारीलाई बोध गर्दै आयोगको कार्यादेशबमोजिम दैनिक १३ लाख मतपत्र छपाइ गरी सुरक्षितरूपमा समयमै हस्तान्तरण गरिएको बताए । उनले मतपत्र छपाइको कामले केन्द्रलाई घाटापूर्ति गर्न पनि सघाएको बताए ।

‘सरकारी कागजात धुल्याउने नियमहरू, २०२७ ‘पहिलो संशोधन, २०७०’ मा धुल्याउने भन्नाले ‘सरकारी कार्यालयमा रहेको कागजातमा लेखिएको व्यहारो पढ्न, बुझ्न वा त्यसको कुनै उपयोग गर्न नसकिने गरी रद्द गर्ने कार्यलाई सम्झनुपर्छ र सो शब्दले त्यस्तो कागजलाई आगोमा डढाउने कार्यसमेत जनाउँछ’ भनिएको छ ।

सो कानुनअनुसार सम्बन्धित कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको कागजातहरूअवधि पुगेपछि ‘नेपाल सरकारको कुनै हानि-नोक्सानी नहुनेदेखि धुल्याउन उचित ठहऱ्याएका जति कागजातहरू काम तामेल भइ सकेपछि जुनसुकै बखत धुल्याउन धुल्याउन आदेश दिन सक्ने’ व्यवस्था छ । धुल्याउने कागजातहरूलीलाम बिक्री पनि गर्न सकिने भनिएको छ ।

# दुग्ध उत्पादक किसानले पाएनन् ५५ करोड भुक्तानी

**चितवन/मस-**जिल्लाका दुग्ध उत्पादक किसानले दुध बिक्री गरेबापत रु ५५ करोड भुक्तानी पाउन सकेका छैनन् । उनीहरूले विगत ६ महिनादेखिको भुक्तानी पाउन सकेका छैनन् ।

जिल्ला दुग्ध उत्पादक सहकारी संघका अध्यक्ष किशोर वगालेका अनुसार गत कात्तिकदेखिको दूधको भुक्तानी नपाउँदा किसान समस्यामा छन् । बजारको समस्या नभए पनि दुग्ध विकास संस्थानसहित ठुला दूध उद्योगले रकम भुक्तानी नगर्दा दुग्ध उत्पादक किसान समस्यामा परेका हुन् । उनले भने, ‘संस्थानको ६ महिनादेखि र अन्य उद्योगको तीन महिनादेखिको भुक्तानी बाँकी छ ।’ साना उद्योगले नियमित भुक्तानी गर्ने गरेको भए पनि ठुला उद्योगको भुक्तानी बाँकी रहेको अध्यक्ष वगालेले जानकारी दिए ।

जिल्लामा अहिले दैनिक तीन लाख ५० हजार लिटर दूध उत्पादन हुँदै आएको छ । जसमध्ये ५० प्रतिशतभन्दा बढी दूध बिक्री गर्न जिल्लाबाहिर लैजाने गरिन्छ । यहाँका १ सय १५ दुग्ध उत्पादक सहकारी संघले दैनिक दूध संकलन गरेर ठुला उद्योगलाई बिक्री वितरण गर्ने गरेका छन् ।

ती सहकारीले समयमा भूक्तानी नपाउँदा किसानलाई भूक्तानी गर्न कठिन भएको उनले जानकारी दिए ।

**काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रिको सूचना**

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/१२/११**

बैजनाथ सल्लेरी सा.व.उ.स प.न.पा ७, डडेल्धुराको वन क्षेत्रबाट आ.व. ०७८/०७९ मा उत्पादन भई प.न.पा ७ बैजनाथ सल्लेरी सा.व. क्षेत्रको गिजार क्षेत्रमा घाटगद्दीमा राखिएको साल गोलिया थान १७५ का परिमाण १६३३।८६ क्यू.फिट काठ जे जस्तो अबस्थामा छ सोही अबस्थामा आफ्नै खर्चमा उठाई लैजान गरी शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक काठ/दाउरामा आधारित दर्ता तथा नविकरण भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र प्रत्येक लटको छुटाछुट्टै बोलपत्र खरीद गरी २२ औं दिनमा शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि सम्बन्धित सा.व.उ.स. को कार्यालयमा सम्पर्क राख्न सकिन्छ । पूर्ण व्यहोराको सूचना सा.व.उ.स. को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**VACANCY ANNOUNCEMENT**

One of the leading Manpower Recruitment Agency in Kathmandu is seeking for following applicants.

- Documentation Officer - 3 (Male/Female)
- Public Relation Officer (PRO) - 3 (Male/Female)

Requirements:-
★ Qualification - 12th Passed.
★ English Must be Good.
★ Minimum 3 years of work experience in Manpower Field.

Salary Negotiable

Send Your CV at birdskyhr@gmail.com

BIRD SKY H.R. PVT.LTD
श्रम इजाजत नं. १६०५/०७५/०८०
सिनामंगल-०९, काठमाडौं, नेपाल, फोन : +977-1-5913815, 5913915,
WhatsApp Number : 9709139539

**श्री कोशी जनता माध्यमिक विद्यालय, रामपुर**

बेलका-३, रामपुर, उदयपुर
कोशी प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मिति : २०८२/१२/११ गते**

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार निम्न कार्यका लागि अनलाइन मार्फत दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशील बमोजिमका सारभूत रुपमा प्रभावग्राही न्यूनतम मूल्याङ्कीत बोलपत्र स्वीकृतिका लागि मूल्याङ्कन समितिबाट सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (३) को प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनका लागि सम्बन्धित सबै बोलपत्रदाताहरुलाई ७ (सात) दिने आशयको सूचना समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

| क्र.स. | ठेक्का नं. | कामको विवरण | न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही रहेको बोलपत्रदाताको नाम, ठेगाना | कबोल गरेको रकम रु (मू.अ.कर र पि.एस. सहित) |
|---|---|---|---|---|
| १ | 19/SKJSC/NCB/W/ 2082-083 | Construction of Shree Koshi Janata Secondary School Building, Ward No. 3 | Dhanlaxmi Nirman Sewa, Triyuga, Udayapur | 1,01,13,390.17 |

प्रधानाध्यापक

मध्यान्ह
www.madhyanhadaily.com
११ चैत २०८२ बुधबार
25 March 2026 Wednesday

सम्पादकीय

## महान्यायाधिवक्ताको मर्यादा जोगाऔं

लोकतन्त्रको सबैभन्दा राम्रो पक्ष भनेकै कानुनी शासन हो। कानुनभन्दामाथि कोही हुँदैन्। त्यसैले न्यायिक प्रक्रिया निष्पक्ष, पारदर्शी र अदालतकेन्द्रित हुनुपर्छ। तर पछिल्लो समय सरकारको इसारामा महान्यायाधिवक्ताले जथाभावी मुद्दा फिर्ता गर्ने प्रवृत्ति मौलाउँदा त्यस्तो अधिकारमै प्रश्न उठ्न थालेको छ। सरकारवादी मुद्दा बीचैमा फिर्ता लिने अभ्यासले न्यायिक पहुँचमा अवरोध पुऱ्याउने मात्र होइन, राज्य संयन्त्रप्रति जनविश्वाससमेत कमजोर बनाइरहेको छ। त्यसैले यो अधिकारको पुनरावलोकन गरिनुपर्छ। पर्याप्त बहसपछि आवश्यक परे कटौती नै गरिनुपर्ने मत बलियो बन्दै गएको छ।

विवादास्पद निर्णयको शृंखलामा देशकै पहिलो महिला महान्यायाधिवक्ता सविता भण्डारीको कार्यकाल पनि थपिएको छ। मुख्यतः तीन मुद्दा फिर्ताको निर्णयले उनी विवादमा तानिएकी छिन्। डिम्ब तस्करी मुद्दा नचलाउने, रास्वपा सभापति रवि लामिछानेविरूद्धको सम्पत्ति शुद्धीकरण मुद्दा संशोधन र वर्ल्ड लिंकको करछली मुद्दा फिर्ता गर्ने महान्यायाधिवक्ताको कार्यालयको निर्णयले जेनजी आन्दोलनपछि बनेको नागरिक सरकार पनि सुशासनको कसीमा कमजोर देखिन पुग्यो। गम्भीर प्रकृतिका मुद्दाहरूमा अभियोजन नगर्ने वा फिर्ता लिने निर्णयले स्वार्थ बाझिएको, राजनीतिक प्रभाव परेको र निष्पक्षता कमजोर भएको देखिन्छ। यस्ता घटनाले न्याय प्रणालीमाथि प्रश्न उठाएका छन्।

संविधान र कानुनले महान्यायाधिवक्तालाई दिएको अधिकारको उद्देश्य राज्यको हित संरक्षण गर्नु हो। तर यही अधिकारको दुरूपयोग हुँदा सरकारले चाहे जे पनि गर्न सक्छ भन्ने भाष्य बन्न जान्छ। जुन लोकतान्त्रिक मूल्य–मान्यताविपरीत छ। यसले न्यायिक स्वतन्त्रता कमजोर पार्नुका साथै राजनीतिक पक्षधरतालाई नै प्रश्रय दिन्छ। त्यसैले कुनै पनि विवादको अन्तिम निरूपण अदालतबाटै हुनुपर्छ। प्रमाण, बहस र न्यायिक परीक्षणको प्रक्रियाबाट गुज्रिएपछि मात्रै सत्य स्थापित हुन्छ। बीचैमा मुद्दा फिर्ता लिनु भनेको न्यायको प्राकृतिक मार्ग अवरूद्ध गर्नु हो। यसले पीडितलाई न्यायबाट वञ्चित गराउन सक्छ र दोषीलाई उन्मुक्ति दिन सक्छ।

विगतदेखि नै महान्यायाधिवक्ताहरू विभिन्न विवादमा तानिँदै आएका छन्। यसको मूल कारण अधिकारको व्यापकता र त्यसको अपर्याप्त जवाफदेहिता हो। जबसम्म यस्तो अधिकार सीमित र स्पष्ट मापदण्डमा बाँधिँदैन, दुरूपयोगको जोखिम रहिरहन्छ। त्यसैले अबको सुधार त्यहीँबाट सुरू हुनुपर्छ। त्यसै पनि महान्यायाधिवक्तालाई मुद्दा फिर्ता गर्ने अधिकार दिनु लोकतान्त्रिक अभ्याससँग मेल खाँदैन। न्याय प्रणालीलाई बलियो, निष्पक्ष र विश्वसनीय बनाउन यो अधिकार कटौती गर्दै अदालतलाई नै अन्तिम निर्णायक बनाउनु आवश्यक छ। यही बाटोले मात्र न्यायिक प्रणालीप्रति जनविश्वास पुनःस्थापित गर्न सक्छ।

# सुशासनको नयाँ मार्गचित्र

*कडा कानुन, उपयुक्त पारिश्रमिक, अनुशासित कार्य संस्कृति, राजनीतिक हस्तक्षेपको अन्त्य, डिजिटल शासन प्रणाली र जवाफदेही संस्थागत संरचनाको संयोजनबाट मात्र नेपालमा सुशासन सम्भव हुन्छ।*

अग्रलेख



● मोहन दाहाल

नेपालमा सुशासन, पारदर्शिता र भ्रष्टाचार नियन्त्रणको बहस दशकौंदेखि चल्दै आए पनि यसको प्रभावकारी कार्यान्वयन निराशाजनक रहँदै आएको छ। अहिले बालेन्द्र शाह 'बालेन' नेतृत्वमा सरकार गठन हुँदै गर्दा आमजनमानसमा ती आशा फेरि पलाएका छन्। हुन पनि गणितीय रूपमा निकै बलियो हुने देखिएको बालेन्द्र सरकारले चाहेमा राज्य संयन्त्रमा आमूल परिवर्तनको ढोका खोल्न सक्छ। जसका लागि संरचनागत, कानुनी र प्राविधिक रूपमा कठोर एवं दूरगामी सुधार नीतिहरू अघि बढाउनु अपरिहार्य छ।

सुशासनका लागि सबैभन्दा पहिले स्थायी संयन्त्रमा काम गर्ने सबैखालका कर्मचारीको तलब संरचनामा आमूल परिवर्तन आवश्यक छ। कम तलबका कारण धेरै कर्मचारीहरू अतिरिक्त आम्दानीतर्फ आकर्षित हुने गरेको तथ्य विभिन्न अध्ययनहरूले देखाएका छन्, जसले भ्रष्टाचारलाई प्रोत्साहन गर्ने प्रमुख कारकका रूपमा काम गरेको छ। त्यसैले बजारअनुसार प्रतिस्पर्धी हुने गरी 'तहअनुसार पुग्ने तलब व्यवस्था' लागू गरिनु आवश्यक छ। यसले कर्मचारीलाई आर्थिक रूपमा सुरक्षित बनाउनुका साथै उनीहरूको आत्मसम्मान र कार्यप्रतिको समर्पण पनि बढाउँछ। तर, तलब वृद्धि मात्र समाधान होइन; त्यससँगै प्रदर्शनमा आधारित प्रोत्साहन र कडा अनुगमन प्रणाली अनिवार्य रूपमा लागू गरिनुपर्छ, ताकि तलब वृद्धिले मात्र भ्रष्टाचार घट्छ भन्ने भ्रम नहोस्। कर्मचारीले पाउने सुविधा र उनीहरूले गर्ने कामबीच वैज्ञानिक सन्तुलन कायम गर्नु नै सुशासनको पहिलो कडी हो।

भ्रष्टाचार नियन्त्रणको सन्दर्भमा अर्को महत्वपूर्ण कदम भनेको संवैधानिक निकायका रूपमा रहेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई अझ प्रभावकारी, स्वतन्त्र र क्रियाशील बनाउनु हो। हाल यसको भूमिकामा राजनीतिक हस्तक्षेप, अनुसन्धानमा ढिलाइ र कारबाहीको निष्कर्षमा प्रभाव पर्ने गुनासो आउने गरेका छन्। यसको स्वतन्त्रता सुनिश्चित गर्न प्रमुख आयुक्त तथा आयुक्तहरूको नियुक्ति प्रक्रिया थप पारदर्शी र योग्यतामा आधारित बनाउनुपर्छ। साथै, आयोगको बजेट संसद्मार्फत सिधा विनियोजन गर्ने व्यवस्था हुनुपर्छ। प्रविधिमैत्री अनुसन्धान प्रणाली लागू गरी उजुरी दर्तादेखि अन्तिम नतिजासम्मको सम्पूर्ण प्रक्रिया डिजिटल र पारदर्शी बनाउन सकिन्छ। डिजिटल फोरेन्सिक प्रयोगशालाको स्थापना र आयोगको पहुँच प्रदेश तथा स्थानीय तहसम्म विस्तार गर्न सके भ्रष्टाचारविरुद्धको अभियान थप प्रभावकारी बन्न सक्छ। आयोगलाई केवल साना मुद्दामा सीमित नराखी ठूला नीतिगत भ्रष्टाचार र ठेक्कापट्टामा हुने अनियमितता नियन्त्रण गर्न सक्षम बनाउनु आवश्यक छ।

त्यसैगरी, निजामती सेवा ऐन तथा नियमावलीमा संशोधन गरी भ्रष्टाचारमा संलग्न कर्मचारीलाई कडा कारबाही गर्ने व्यवस्था अनिवार्य छ। हालको कानुनी व्यवस्थामा कर्मचारीलाई पदच्युत गर्न लामो प्रक्रिया र पुनरावेदनका अवसरहरूले दण्डहीनतालाई प्रोत्साहन गरेका छन्। यदि कुनै कर्मचारीले भ्रष्टाचार गरेको प्रमाणित भएमा तत्काल बर्खास्त गर्ने र उसका पेन्सनसहितका सेवा सुविधा खारेज गर्ने नीति स्पष्ट रूपमा लागू हुनुपर्छ। यो व्यवस्था निजामती कर्मचारी मात्र नभई नेपाल प्रहरी, नेपाली सेना, सशस्त्र प्रहरी बल र अन्य सरकारी संस्थानका कर्मचारीहरूमा पनि समान रूपमा लागू गरिनुपर्छ। साथै, भ्रष्टाचार मुद्दाको छिटो टुंगो लगाउन विशेष अदालतलाई थप सशक्त र समय सीमायुक्त बनाउनु आवश्यक छ। जबसम्म अपराधीले कानुनी छिद्र प्रयोग गरेर उम्किन सक्ने अवस्था अन्त्य हुँदैन, तबसम्म विधिको शासन सुदृढ हुन सक्दैन।

प्रशासनिक सुधारको अर्को महत्वपूर्ण पक्ष भनेको कार्यक्षेत्रमा अनुशासन र निगरानी हो। निजामती कर्मचारी, नेपाल प्रहरी, नेपाली सेना तथा अन्य सरकारी संस्थानमा कार्यरत कर्मचारीहरूले कार्यालय समयमा काम छाडेर अनावश्यक गफगाफ, गुटबन्दी र समयको दुरुपयोग गर्ने प्रवृत्तिलाई नियन्त्रण गर्नुपर्छ। 'कामका लागि कार्यालय' भन्ने मान्यतालाई व्यवहारमा उतार्दै कार्यस्थलमा हुने अराजकता र समयको बर्बादी रोक्न कडा आचारसंहिता लागू गरिनुपर्छ। आधुनिक हाजिरी प्रणाली, आकस्मिक अनुगमन र कार्यसम्पादन मूल्यांकनमार्फत कर्मचारीको जिम्मेवारी सुनिश्चित गर्न सकिन्छ। सेवाग्राहीलाई अनावश्यक रूपमा कुराउने वा काममा ढिलाइ गर्ने प्रवृत्तिमा कडाइ गरिनुपर्छ।




